puspas.com.np

# पाठ ५

# म पनि सक्छु

**शब्दार्थ**

| | |
|---|---|
| छाप्रो | : खर, पराल आदिले छाएको सानो घर, टहरो, झुपडी |
| सद्दे | : जस्ताको जस्तै, साँचो |
| सयल | : आनन्दले घुमफिर गर्ने |
| हाँडी घोप्टे प्रवृत्ति | : सबै आफूले मात्र पाउनुपर्छ भन्ने मान्यता |
| हासिल | : प्राप्त, उपलब्ध |
| अपवाद | : नियममा नमिल्ने |
| भाषण | : वक्तव्य, वक्तृता |
| तिरस्कार | : घृणा, अपमान |
| इच्छा शक्ति | : केही गरौँ भन्ने चाहना |
| प्रयत्न | : प्रयास |
| मननीय | : सोच विचार गर्न पर्ने खालको |
| अपहेलित | : हेला गरिएको |
| विवश | : इच्छा भए पनि केही गर्न नसक्ने, बाध्यतामा परेको, लाचार, बाध्य |
| चर्पी | : शौचालय |
| जर्जर | : चिराचिरा परेको, धेरै दुर्बल |
| जीविकोपार्जन | : जीवन धान्नका लागि गरिने कमाइ |
| दर्शन | : जीवन र जगत्प्रतिको हेराइ वा बुझाइ |
| समाजशास्त्र | : समाजको अध्ययन गर्ने विषय |
| मानविकी | : मानिसका विचारसँग सम्बन्धित विषयको अध्ययन गर्ने शिक्षाको शाखा |
| हीनताबोध | : आफूलाई सानो वा कमजोर ठान्ने भावना, लघुताको आभास, लघुताभास |

## अभ्यास

पेज ४१

**सुनाइ**

१. **पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र कुमार आज किन खुसी छन् भन्नुहोस् ।**

उत्तर: सम्पन्न जिल्ला स्तरीय चेस र कविता प्रतियोगितामा कुमारले स्वर्णपदक जितेकाले आज उनी खुसी छन् ।

२. **पाठको दोस्रो अनुच्छेद सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) **कार्यक्रमका प्रमुख अतिथि को थिए ?**

उत्तर: कार्यक्रमका प्रमुख अतिथि जिल्ला शिक्षा अधिकारी थिए ।

(ख) **कुमार पाठकको सफलताले के कुराको पुष्टि गर्छ ?**

उत्तर: कुमार पाठकको सफलताले अपाङ्गता भएकालाई हेला र तिरस्कार गर्नु मुर्ख्याईं हो र उनीहरूमा अरू सरह प्रतिभा र क्षमता हुन्छ भन्ने कुराको पुष्टि गर्छ ।

puspas.com.np

(ग) **किन कुमारका आँखा रसाए ?**

**उत्तर:** जिल्ला शिक्षा अधिकारीले कुमारलाई लक्षित गरी अपाङ्गता भएर पनि अरूसरह प्रतिभा र क्षमता हुन्छ भनेको सुन्दा कुमारका आँखा रसाए ।

(घ) **अपाङ्गता हुनेले अरूले भन्दा बढी मेहनत गर्नुपर्ने कारण के हो ?**

**उत्तर:** सपाङ्गका जस्ता अङ्गहरू नहुने भएकाले अपाङ्गता हुनेले अरूले भन्दा बढी मिहनत गर्नुपर्ने कारण हो ।

(ङ) **मानिसले ठुला-ठुला उपलब्धि हासिल गर्नका लागि आवश्यक पर्ने मुख्य दुई कुरा के-के हुन् ?**

**उत्तर:** मानिसले ठुला ठुला उपलब्धि हासिल गर्नका लागि आवश्यक पर्ने मुख्य दुई कुरा इच्छा शक्ति र प्रयत्न हुन् ।

३. **पाठको तेस्रो अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।**

**उत्तर:** पाठको तेस्रो अनुच्छेद शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्धसँग लेख्ने ।

## बोलाइ

४. **तलका शब्द शुद्धसँग उच्चारण गर्नुहोस् ।**

**प्रवृत्ति, भाषण, तिरस्कार, प्रयत्न, यार्सागुम्बा, जीविकोपार्जन, मानविकी**

**उत्तर:** दिइएका शब्दहरू विद्यार्थीले शुद्धसँग उच्चारण गर्ने, उच्चारण गर्न नसके शिक्षकको सहयोग लिने ।

५. **तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

**स्वर्ण पदक, प्रवृत्ति, अपवाद, प्रचलन, विकटता, प्रतिकूल**

**उत्तर:**
स्वर्ण पदक - आजको वादविवाद प्रतियोगितामा रमेशले स्वर्ण पदक जित्यो ।
प्रवृत्ति - समाजमा खराब प्रवृत्ति भएका मानिसहरूले सबैलाई दु:ख दिन्छन् ।
अपवाद - परिवारमा सबै शिक्षित भए पनि ऊ चाहिँ अशिक्षित भएकाले अपवाद बन्यो ।
प्रचलन - दसैँमा पाँच दिनसम्म टिको लगाउने प्रचलन छ ।
विकटता - विकटताका कारण दुर्गम जिल्लाहरूमा खाद्यान्न पुऱ्याउन सकिँदैन ।
प्रतिकूल - आज प्रतिकूल मौसमका कारण हवाईजहाज अवतरण गर्न सकेन ।

६. **"मान्छेले कुनै एउटा विषयमा विशेषज्ञता हासिल गर्ने हो" भन्ने कुमारको भनाइसँग तपाईंको सहमति वा असहमति के छ ? तर्कसहित जबाफ दिनुहोस् ।**

**उत्तर:** 'मान्छेले कुनै एउटा विषयमा विशेषज्ञता हासिल गर्ने हो' भन्ने कुमारको भनाइसँग मेरो सहमति छ । आज मानिसहरू आफूमा सानोतिनो कमीकमजोरी भए पनि हीनताबोध गर्दै निस्पृह जीवन बिताउँछन् । आफूसँग भएको प्रतिभा र क्षमताको आँकलन नगरी निष्क्रिय जीवन बिताउनु मूर्खता सिवाय केही होइन । मान्छेले सबै विषयमा विशेषज्ञता हासिल गर्नु असम्भव छ । तर कुनै एउटा विषयमा निरन्तरको मिहनतले विशेषज्ञता हासिल गर्न गारो हुन्न । बनाउँदा, बोलाउँदा, ढुङ्गाका मूर्ति बन्छन्, नचाउँदा नचाउँदा बाँदर र भालु मानिसको जस्तै नाच्न थाल्छन्, बोलाउँदा बनाउँदा चराहरू गोपीकृष्ण गोपीकृष्ण भन्छन् । यी सबै कुरा निरन्तर मेहनतको प्रतिफल हो । जीवन सफल बनाउन मान्छेले कुनै एक विषयमा विशेषज्ञता हासिल गर्न सकियो भने जीवनमा दु:ख भोग्नु पर्दैन । मान्छेलाई काम लाग्ने भाषा, साहित्य, कला, औषधी विज्ञान, इन्जिनियरिङ, कानुन, कृषि आदि एक क्षेत्रमा विशेषज्ञता हासिल गरेमा मान्छेले बेरोजगार हुनु पर्दैन र उसले जताततै काम पाउँछन अनि उसको जीवन समाजका नजरमा सफल हुन्छ । त्यसैले मान्छेले कुनै एउटा विषयमा विशेषज्ञता हासिल गर्ने हो भन्ने भनाइसित मेरो सहमति छ ।

puspas.com.np

७. **अपाङ्गता भएका व्यक्तिलाई दया होइन, अवसर दिनुपर्छ भन्ने विषयमा कक्षामा छलफल गर्नुहोस् ।**

उत्तर: अपाङ्गता भएका व्यक्तिलाई दया होइन अवसर दिनुपर्छ भन्ने विषयमा कक्षामा शिक्षकको उपस्थितिमा विद्यार्थीले छलफल गर्ने

**छलफलका बुँदा**

(क) दया भनेको अर्काको दुःख देखेर वा अनुभव गरेर मनमा उब्जने संवेदना, करुणा, कृपा आदि बुझिने हुनाले अपाङ्गता भएकाहरूका लागि यस्तो गर्नु आवश्यक नभएको,

(ख) अपाङ्गता भएका व्यक्तिहरूको क्षमता पहिचान गर्ने र कुनै एक विषयमा दक्षता हासिल गर्न प्रोत्साहित गर्ने,

(ग) कुनै पनि काममा अपाङ्गता भएका व्यक्तिहरूलाई पहिलो प्राथमिकता दिने र काममा लगाउने,

(घ) अपाङ्गता भएका व्यक्तिहरूले गरेको काममा हस्तक्षेप नगर्ने र अनावश्यक टीका टिप्पणी नगर्ने,

(ङ) अपाङ्गता भएका व्यक्तिहरूलाई सक्रिय बनाउन उपयुक्त कामको खोजी गर्ने ।

## पढाइ

८. **पाठका अनुच्छेदहरू पालैपालो पढ्नुहोस् ।**

उत्तर: पाठका अनुच्छेदहरू शिक्षकको उपस्थितिमा विद्यार्थीले कक्षामा पालैपालो पढ्ने ।

९. **पाठको आठौँ अनुच्छेद पढ्नुहोस् र कुन क्षेत्रमा जानका लागि कुन-कुन विषय पढ्नुपर्छ, सूची बनाउनुहोस् ।**

उत्तर: (क) प्राविधिक क्षेत्र - डाक्टर, इन्जिनियर, पाइलट

(ख) बैङ्क तथा वित्तीय क्षेत्र - व्यवस्थापन

(ग) मानविकी तथा सामाजिक शास्त्र, दर्शन इतिहास राजनीति, समाजशास्त्र, साहित्य, कला

१०. **पाठको नवौँ अनुच्छेद पढ्नुहोस् र अपाङ्गता भएका व्यक्तिहरूले के-कस्ता काम गरेका छन्, भन्नुहोस् ।**

उत्तर: ग्रिसेली साहित्यका आदिकवि होमरले आँखा नदेख्ने अपाङ्ग भए पनि उत्कृष्ट साहित्य सिर्जना गरेका थिए । त्यस्तै विश्व प्रसिद्ध साहित्यकार हेलेन केलर पनि आँखा देख्दिनथिन् । उनले पनि उत्कृष्ट र विश्व प्रसिद्ध साहित्यको सिर्जना गरिन् । स्टेफेन हकिङले पक्षघातले थलिए पनि अन्तरिक्षसम्बन्धी महत्त्वपूर्ण खोज गरे । नेपाली साहित्यका क्षेत्रमा पक्षघातकै कारण थलिए पनि पारिजातले विविध विधाका उत्कृष्ट साहित्यिक कृतिहरू लेखिन् । झमक घिमिरेले खुट्टाले लेखेरै राम्रा र उत्कृष्ट साहित्यिक कृतिहरूको सिर्जना गरेकी छन् । यतिमात्र होइन अपाङ्गता भएका व्यक्तिहरूले सगरमाथा आरोहण गर्ने, हवाईजहाज उडाउने, गाडी चलाउने, खेल खेल्ने, नाच्ने, बौद्धिक र सिर्जनात्मक कार्य सफलतापूर्वक गर्ने गरेका छन् ।

## लेखाइ

११. **तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) **कुमारका आमाबुबा के काम गर्छन् ?**

उत्तर: कुमारका बुबाआमा फर्निचर पसलमा काम गर्छन् । त्यो उनीहरूले नै थापेको पसल हो । उनीहरू असाध्यै मिहिनेती छन् । उनीहरू काममा रातदिन लगनशील भएर खट्छन् । त्यसैबाट घरखर्च चलाउने र छोराछोरीलाई पढाउने काम गर्छन् । काठ चिर्ने, काँटी ठोक्ने, चिल्लो बनाउने, रङ लगाउने, छोराछोरीको हेरविचार गर्ने, भातभान्सा तयार गर्ने जस्ता कामहरू कुमारका बुबाआमाले गर्छन् ।

puspas.com.np

**(ख) कुमार र उनकी बहिनी अतिरिक्त क्रियाकलापमा पनि अगाडि छन् भन्ने कुरा कसरी पुष्टि हुन्छ ?**

**उत्तर:** कुमार र उसकी बहिनी क्रमशः कक्षा १० र कक्षा ८ मा पढ्छन् । उनीहरू मिहनेती छन् । पढाइका साथसाथै घरमा आमाबुबालाई काम पनि सघाउँछन् । कुमार अपाङ्ग छन् भने बहिनी सपाङ्ग छन् । यी दुवै दाजुबहिनी मिहिनेती र प्रतिभाशाली पनि छन् । पोलियोले गर्दा सानैमा कुमारले दुवै खुट्टा गुमाएका कारण उनी अपाङ्ग छन् । दुवै दाजुबहिनीको पढाइ राम्रो हुनुका साथै अतिरिक्त क्रियाकलापमा पनि उनीहरूले सफलता हासिल गर्दै आएका छन् । यसै क्रममा जिल्ला स्तरीय चेस र कविता प्रतियोगितामा कुमारले स्वर्ण पदक जितेका छन् । जिल्ला शिक्षा अधिकारीले उनको प्रतिभा र क्षमताको प्रशंसा गरेका छन् । यसरी पढाइमा दुवै दाजुबहिनीले राम्रो गर्नु र कुमारले जिल्ला स्तरीय प्रतियोगितामा स्वर्ण पदक जित्नुले कुमार र उनकी बहिनी अतिरिक्त क्रियाकलापमा अगाडि रहेको पुष्टि हुन्छ ।

**(ग) अपाङ्गता भएकाहरूका लागि के-कस्ता प्रतिकूलता छन् ?**

**उत्तर:** अपाङ्गता भएकाहरूका लागि थुप्रै प्रतिकूलताहरू रहेका छन् । अपाङ्गता भएकाहरूले घर परिवार र समाजबाट हेला र तिरस्कार सहनुपर्छ । समाजमा अपाङ्गता भएका व्यक्तिहरूले केही गर्न सक्दैनन् भन्ने मान्यता अद्यापि जीवितै छ । अपाङ्गता भएका व्यक्तिहरू आफू खुसी हिँडडुल गर्न सक्दैनन् । उनीहरूलाई अर्काको सहयोग चाहिन्छ । अरूको सहयोगविना आफूले चाहेका ठाउँमा जान उनीहरूले निकै कठिनाइ भेल्नुपर्ने हुन्छ । चर्पी जान र स्कुल जान आउन पनि उनीहरूलाई कठिन हुन्छ । त्यस्तै कुनै अवसर आइलागे पनि उनीहरूबाट सम्पन्न गर्न निकै गारो हुन्छ । समाज अपङ्गता मैत्री नहुनु र आफू कमजोर हुनुले पनि अपाङ्गता भएकाहरूका लागि थुप्रै प्रतिकूलता रहेको स्पष्ट हुन्छ ।

**(घ) कुमारको पारिवारिक स्थिति कस्तो छ ?**

**उत्तर:** कुमारको पारिवारिक स्थिति सालाखाला सन्तोषजनक रहेको छ । आमाबुबा बहिनी र ऊ गरी जम्मा चार जनाको सुखी परिवार छ । बाबुआमा खुबै मिहिनेती छन् । फर्निचर पसल थापेका कुमारका बाबुआमालाई छोराछोरीको लालनपालन र पढाइप्रति चिन्ता छ । त्यसमा पनि छोरो कुमारले सानैमा पोलियोले गर्दा दुवै खुट्टा गुमाएका कारण दुःख पाउने हो कि भन्ने चिन्ता उनीहरूमा छ तर दुवै छोराछोरीको पढाइ राम्रो भएकाले उनीहरूले धेरै पिर मानेको देखिँदैन । छोराछोरीले पढाइमा राम्रो गरेका छन् र फुर्सदका बेला घरमा आमाबुबालाई काम पनि सघाउँछन् । अतिरिक्त क्रियाकलापमा भाग लिने र सफलता हासिल गर्ने काम पनि उनीहरूले गरेका छन् । त्यसैले कुमारको पारिवारिक स्थिति सामान्यतः सन्तोषजनक रहेको पुष्टि हुन्छ ।

**(ङ) कुमारलाई उनकी आमाले किन जागिर खानुपर्छ भनेर जोड गरेकी हुन् ?**

**उत्तर:** कुमारकी आमालाई अपाङ्गता भएका व्यक्तिले उद्योग व्यापार तथा खेती गर्न सक्दैनन् भन्ने लागेको छ । त्यसैले उनले छोराछोरीलाई जागिर खानुपर्छ भनी जोड गरेकी छन् । जीवन चलाउन मानिसले केही न केही गर्नैपर्छ भन्ने कुमारकी आमाको सोँच रहेको छ । आफ्नो छोरो अपाङ्ग भएका कारण उसले जागिर खानुको विकल्प छैन भन्ने उनलाई लागेको छ । जागिर खान सके जीवन सुखी हुने र आफूलाई सन्तोष मिल्ने भएकाले छोरो कुमारलाई उनकी आमाले जागिर खानुपर्छ भनेर जोड गरेकी हुन् ।

pixspas.com.np

१२. **भाव विस्तार गर्नुहोस् :**

(क) **आफूले जेमा राम्रो गर्न सकिन्छ, त्यसैमा मेहनत गर्ने हो ।**

**उत्तर:** एउटा मान्छे सबै क्षेत्रमा पोख्त हुन सक्दैन । उसले आफूलाई जे कुरामा पोख्त बनाउन खोजेको हो त्यसैमा मेहनत गर्नु बुद्धिमानी हुन्छ । आफ्नो क्षमता र प्रतिभाको ख्याल नगरी मान्छेले दसतिर पाइला चाल्ने हो भने असफलता बाहेक केही हात लाग्न सक्दैन । अत: मानिसले आफ्नो ल्यागत र रुचिलाई विचार गरी एउटै क्षेत्रमा हात हाली सफलता हासिल गर्नु बुद्धिमानी हुन्छ ।

मानिसका रुचि फरक-फरक हुने गर्छन् । कसैको खेलमा हुन सक्छ भने कसैको कला साहित्यमा । त्यस्तै कसैको रुचि उद्योग धन्दामा त कसैको जागिरमा हुन सक्छ । मानिसले आफ्नो रुचि जेमा छ त्यसैमा मेहनत गर्नु आवश्यक छ । विना मेहनत जीवनमा सफलता हासिल गर्न सकिन्न । मेहनतले गर्दा ढुङ्गाका सुन्दर मूर्ति बनेझैँ मानिसले मेहनतकै कारण कुनै एक क्षेत्रमा सफलता हासिल गर्न सक्छ । तसर्थ, जीवनलाई सफल बनाउन कुनै एक क्षेत्रमा दक्षता वा विशेषज्ञता हासिल गर्नु आवश्यक छ ।

(ख) **अपाङ्गता भएकाहरूलाई हेला र तिरस्कार गर्नु मुर्ख्याइँ हो ।**

**उत्तर:** मानिसले आफूले चाहेर अपाङ्ग भएको हुन्न । गरिबी, परिस्थिति, विभिन्न प्रतिकूलताका कारण मानिस अपाङ्ग बन्ने गर्छ । जन्मँदै आँखा नदेख्नु, पोलियोले गर्दा हातखुट्टा लुला हुनु वा कुनै कारण अङ्गहरू कमजोर हुनुमा व्यक्तिको दोष हुन्न । अपाङ्ग हुन कसैको रहर हुन्न । यस्तो ध्रुवसत्यलाई जान्दा जान्दै अपाङ्गताहरूप्रति हेला र तिरस्कार गर्नु मूर्खता सिवाय केही हुन सक्दैन ।

कुनै पनि मानिस रहरले अपाङ्ग भएको हुन्न । परिस्थिति र बाध्यताले अपाङ्ग हुन पुगेको मानिसलाई मानिसहरू हेला र तिरस्कार गर्छन् । उनीहरूमा सद्दे मान्छेमा जस्तै प्रतिभा र क्षमता हुन्छ भन्ने थाहा नपाई हेला र अपमान गर्न पाउँदा गर्व गर्छन् । वास्तवमा अपाङ्गहरूले सपाङ्गले भन्दा उत्कृष्ट काम गरेका प्रशस्त उदाहरण छन् । साहित्यिक तथा साहसिक कामदेखि लिएर कला साहित्य आदिका क्षेत्रमा उनीहरूले उदाहरणीय काम गरेका छन् । त्यसैले अपाङ्गता भएका व्यक्तिहरूलाई हेला र तिरस्कार गर्नु मुर्ख्याइँ हो भन्ने कुरा स्पष्ट हुन्छ ।

(ग) **इच्छा शक्ति र निरन्तरको प्रयत्न भएमा मानिसले ठुला-ठुला उपलब्धि हासिल गर्छ ।**

**उत्तर:** मानिस एक सचेत र इच्छा, भावना वा चाहना भएको प्राणी हो । अपाङ्ग वा सपाङ्गै भए पनि उसमा जीवनमा केही गर्ने इच्छा शक्ति र निरन्तरको प्रयत्न आवश्यक हुन्छ । इच्छा शक्ति र निरन्तरको प्रयत्न भएका मानिसले निकै राम्रा र उदाहरणीय सफलता हात पार्न सक्छ । निष्क्रिय र निरुद्योगी जीवन बिताउने मानिसको जीवन व्यर्थमा बित्छ । तसर्थ, इच्छा शक्ति र निरन्तर मिहनत गरी मानिसले अघि बढ्नु आवश्यक छ ।

इच्छा शक्ति यस्तो विशिष्ट शक्ति हो जसले मानिसलाई कुनै असल कर्म गर्न उत्प्रेरित गर्छ । मनमा उत्साह पलाउनु र केही गरूँ भन्ने भावना जागृत हुनु नै इच्छा शक्ति हो । इच्छा शक्तिले नै मानिस कवि, कलाकार वा कुनै क्षेत्रमा पारङ्गत हुन पुग्छ । त्यसका लागि उसले निरन्तर प्रयत्न गरिरहनुपर्छ । विनाप्रयत्न थालको भात पनि मुखमा पर्दैन । आफूले जुन काममा हात हालिएको छ त्यसमा निरन्तरको प्रयत्न आवश्यक मानिन्छ । यस्तो इच्छा शक्ति र निन्तरको प्रयत्नले मानिसले ठुला-ठुला उपलब्धि हासिल गर्न सक्छ भन्ने कुरामा दुई मत छैन ।

pustkas.com.np

**१३. परिवर्तित अवस्थामा अपाङ्गता भएकाहरूले चिन्ता लिन किन आवश्यक छैन ? पाठका आधारमा विवेचना गर्नुहोस् ।**

**उत्तर:** केही वर्ष अघिसम्म अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो जीविकोपार्जन कसरी गर्ने होला भनी धेरै चिन्ता लिने गरेको पाइन्छ । दुर्गम गाउँ, गरिबी, भौगोलिक विकटता र सामाजिक विश्वासका कारण मानिसहरू अपाङ्ग हुनेबित्तिकै उसले केही गर्न सक्दैन र राज्यबाट पनि कुनै प्रकारको सहयोग प्राप्त हुँदैन भन्ने सोचाइमा थिए । तर आज धेरै कुरा परिवर्तन भएको छ । शिक्षाको प्रचारले मानिसको चेतनाको स्तर उठेको छ र समाजमा अपाङ्गहरूप्रति हेर्ने दृष्टिकोण र व्यवहार बदलिएको छ । आज संविधानमा अपाङ्गता भएकाहरूका लागि पनि राम्रो व्यवस्था गरिएको छ । त्यसैले परिवर्तित अवस्थामा अपाङ्गता भएकाहरूले चिन्ता लिन आवश्यक छैन ।

निश्चित रूपमा घर परिवारमा अपाङ्ग व्यक्ति भएका परिवारका सदस्यहरूले चिन्ता लिनु स्वाभाविक मान्न सकिन्छ । समाजमा अपाङ्गहरूप्रति गरिने व्यवहार र मान्यतामा अझै पनि परिवर्तन आएको पाइँदैन । यस अपाङ्गले खोइ के गरिखाला भनी सबैले हेला र तिरस्कारको दृष्टिले हेर्छन् । छोराछोरी अपाङ्ग भएमा बाबुआमा बढी नै चिन्तित हुने गर्छन् । सामाजिक रूपान्तरणको स्थिति देखा परे पनि त्यसलाई व्यवहारमा पूर्णतः उतार्न सकिएको छैन । पुरानो सोच र मान्यता राख्ने मानिसहरूले आफ्नो असली चरित्र ऐन मौकामा देखाएरै छाड्छन् । यति भएर पनि आज संवैधानिक स्तरबाटै अपाङ्गताप्रति गरिने व्यवहारलाई निराकरण गर्ने र अपाङ्गमैत्री वातावरण जताततै सिर्जना गर्ने कुरामा जोड दिइएको छ । त्यसैले आजको परिवर्तित अवस्थामा अपाङ्गता भएकाहरूले धेरै चिन्ता लिनु आवश्यक छैन ।

**१४. पाठको शीर्षक 'म पनि सक्छु' कत्तिको उपयुक्त छ ? तर्कसहित आफ्नो धारणा लेख्नुहोस् ।**

**उत्तर:** म पनि सक्छु भन्नुको तात्पर्य आफू अपाङ्ग भए पनि पढाइका साथै अतिरिक्त क्रियाकलापमा विजय वा सफलता हासिल गर्छु भन्ने हो । यही मर्मलाई यस पाठमा कुमारले आफू अपाङ्ग भए पनि आफ्नो क्षमता र प्रतिभाले अनि निरन्तरको प्रयत्नले जिल्ला स्तरीय चेस तथा कविता प्रतियोगितामा स्वर्णपदक जितेका छन् । साथीभाइले मात्र होइन, समाज तथा घर परिवारले नपत्याए पनि कुमारमा इच्छा शक्ति भएका कारण उनले स्वर्णपदक जित्न सकेका हुन् । उनमा इच्छा शक्ति नहुँदो हो त पक्कै पनि स्वर्ण पदक जित्न सक्ने थिएनन् । उनी आफूलाई सधैँ हेला र तिरस्कार गर्ने साथीहरूलाई पछि पार्दै अघि बढ्न सकेका छन् । उनको मनोबल बढाउनमा आमाबुबा र नेपाली पढाउने शिक्षकको ठुलो हात रहेको छ । नेपाली पढाउने शिक्षकले अपाङ्गता भएका व्यक्तिहरूले साहित्य, कला आदिका क्षेत्रमा मात्र होइन, साहसिक काम गरेका प्रशस्त उदाहरण दिएर उनको हौसला बढाइदिएका थिए । त्यही प्रेरणाले उनमा इच्छा शक्ति जाग्यो र सफलता हात पारे । त्यसैले कुमार जस्तो अपाङ्गता भएका व्यक्तिले सफलता प्राप्त गरेकाले, 'म पनि सक्छु' मनोवादको शीर्षक विषयवस्तु अनुकूल छ र पर्याप्त मात्रा उपयुक्त छ भन्न सकिन्छ ।

## व्याकरण

**१. तलको तालिकामा दिइएका मूल शब्द र व्युत्पन्न शब्दहरूको प्रयोग गरी एक-एक ओटा वाक्य बनाउनुहोस् :**

| मूल शब्दहरू | व्युत्पन्न शब्दहरू |
|---|---|
| १. काल, राम्रो, देश | अकाल, नराम्रो, विदेश |
| २. घर, रस, आगो | घरेलु, रसिलो, अँगेनो |
| ३. बर, झल्को, भात | बरबर, झझल्को, भातसात |

pspas.com.np

उत्तर: १. (क) आज देशमा नराम्रो अवस्था सिर्जना भएको छ ।
(ख) विदेश जानु राम्रो कुरा हो ।
(ग) यस कालमा धेरै मानिसहरूले अकालमा ज्यान गुमाएका छन् ।

२. (क) मेरो घरमा अगेनो छ ।
(ख) गोरस खान घरेलु उद्योगमा लाग्नुपर्छ ।
(ग) मलाई रसिलो अचार मन पर्छ ।

३. (क) मेरो भात वरपर सार ।
(ख) आज मलाई गाउँमा भएको वरको झझल्को आइरहहेको छ ।
(ग) दाउरामा भातसात पकाएको देख्दा गाउँको झल्को दिएको छ ।

२. **तलका व्युत्पन्न शब्दहरूबाट मूल शब्द छुट्याउनुहोस् :**
**विनम्र, उपाध्यक्ष, बिसन्चो, अनुभव, सहरिया, राष्ट्रिय, मायालु, बौद्धिक, बुढ्याइँ, नेपाली, युरोपेली, ससाना, ऐँचोपैँचो, मिठो मिठो**

उत्तर:

| | | | | |
|---|---|---|---|---|
| विनम्र | - | वि | + | नम्र |
| उपाध्यक्ष | - | उप | + | अध्यक्ष |
| बिसन्चो | - | बि | + | सन्चो |
| अनुभव | - | अनु | + | भव |
| सहरिया | - | सहर | + | इया |
| राष्ट्रिय | - | राष्ट्र | + | इय |
| मायालु | - | माया | + | आलु |
| बौद्धिक | - | बुद्धि | + | इक |
| बुढ्याइँ | - | बुढो | + | याइँ |
| नेपाली | - | नेपाल | + | ई |
| युरोपेली | - | युरोप | + | एली |
| ससाना | - | साना | + | साना |
| ऐँचोपैँचो | - | पैँचो | + | पैँचो |
| मिठोमिठो | - | मिठो | + | मिठो |

३. **पाठको नवौँ परिच्छेदबाट पाँचओटा व्युत्पन्न शब्द छानी तिनका मूल शब्द लेख्नुहोस् ।**

उत्तर:

| | | | | |
|---|---|---|---|---|
| ग्रिसेली | - | ग्रिस | + | एली |
| प्रसिद्ध | - | प्र | + | सिद्ध |
| साहित्यिक | - | साहित्य | + | इक |
| अपाङ्गता | - | अपाङ्ग | + | ता |
| बौद्धिक | - | बुद्धि | + | इक |

४. **तलको अनुच्छेदबाट वर्तमान र भविष्यत् कालका वाक्यहरू पहिचान गरी अलग अलग तालिकामा देखाउनुहोस् र तिनका पक्ष पनि छुट्याउनुहोस् :**

*विगत एक दशकमा हामी धेरै अगाडि बढेका छौँ । एक दशकपछि अझ अरू अगाडि पुगिसकेका हुने छौँ । हाम्रो सोचाइ र व्यवहार दिन परदिन उन्नत हुँदै छ । एक दशकपछि हामी संसारकै सभ्य नागरिक हुने छौँ । आज हामी गरिब छौँ । भोलि धनी हुने छौँ । आज हामी काममा भन्दा कुरामा अल्मलिँदै छौँ । भोलि हामी कुरामा होइन, काममा लाग्दै हुनेछौँ ।*

puspas.com.np

उत्तर:

| |
|---|
| **वर्तमान काल** |
| विगत एक दशकमा हामी धेरै अगाडि बढेका छौँ । (पूर्ण वर्तमान)<br>हाम्रा सोचाइ र व्यवहार दिन परदिन उन्नत हुँदै छ । (अपूर्ण वर्तमान)<br>आज हामी गरिब छौँ । (सामान्य वर्तमान काल)<br>आज हामी काममा भन्दा कुरामा अल्मलिँदै छौँ । (अपूर्ण वर्तमान) |
| **भविष्यत् काल** |
| एक दशकपछि अझ अरू अगाडि पुगिसकेका हुनेछौँ । (पूर्ण भविष्यत्)<br>एक दशकपछि हामी संसारकै सभ्य नागरिक हुनेछौँ । (सामान्य भविष्यत्)<br>भोलि धनी हुनेछौँ । (सामान्य भविष्यत्)<br>भोलि हामी कुरामा होइन, काममा लाग्दै हुनेछौँ । (अपूर्ण भविष्यत्) |

५. **पाठको तेस्रो अनुच्छेदबाट मिल्ने वाक्यलाई वर्तमान कालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

उत्तर: आज धेरै प्रतियोगिता हुँदै छन् । थुप्रै साथीहरू पुरस्कृत हुँदै छन् तापनि सबैजसोको ध्यान किन मतिर खिँचिँदै छ । सायद अपाङ्गता भएकाले केही गर्न सक्दैनन् भनेर सोच्नेहरूलाई मेरो सफलताले केही झस्का दिएको छ । आज यति धेरै जनाको बधाई र प्रशंसा पाएको छु, के भन्ने र ? खुसीको कुरा अपाङ्गता भएका कारण हेप्ने साथीहरूले पनि मलाई बधाई दिएका छन् । उनीहरूको मप्रतिको धारणामा पनि परिवर्तन आएको छ , कति राम्रो भएको छ ।

६. **पाठको छैटौँ अनुच्छेदलाई भविष्यत् कालमा बदलेर पुनर्लेखन गर्नुहोस् ।**

*ओहो १२ बज्न लागेछ । बुबाआमा बल्ल सुत्न लाग्नुभयो । हामी छोराछोरीका निम्ति उहाँहरूले सबै सुख त्याग्नुभएको छ । उहाँहरूका लागि छोराछोरी दुवै बराबरी भए पनि मेरो अपाङ्गता उहाँहरूका लागि बढी चिन्ताको विषय बनेको छ । मैले भोलि दु:ख पाउँछु कि भन्ने उहाँहरूको चिन्ता छ । हुन पनि हाम्रो समाजमा अपाङ्गता भएका व्यक्तिलाई सजिलो छैन । गरिबी, अशिक्षा, अन्धविश्वास र भौगोलिक विकटता भएको हाम्रो देशमा त अपाङ्गता भएकाहरूका लागि मुस्किल छ । अहिले जमाना धेरै बदलिएको छ । शिक्षाको प्रचार भएको छ । संविधानमा अपाङ्गता भएकाहरूका लागि पनि राम्रा व्यवस्था गरिएको छ । यति हुँदा त ढुक्क हुनुपर्‍यो नि ! गरिबी, अशिक्षा, अन्धविश्वासले जर्जर भएको एउटा दुर्गम गाउँमा जन्मी हुर्केका बुबाआमाले हिजोकै आँखाले हेर्नुभएको होला, अपाङ्गताको अवस्थालाई । त्यो स्वाभाविक हो । त्यसैले उहाँहरू मेरो भविष्यप्रति बढी चिन्तित हुनुहुन्छ । मैले उहाँहरूको चिन्ता हटाउन सक्नुपर्छ, सुख र सन्तुष्टि दिन सक्नुपर्छ । (कुमार ओछ्यानबाट उठ्छन् र बस्छन् अनि केही बेरमै सुत्छन् । उनलाई अझै पनि निद्रा लाग्दैन ।)*

उत्तर: ओहो १२ बज्न लागेको हुने छ । बुबाआमा बल्ल सुत्न लाग्नु भएको हुने छ । हामी छोराछोरीका निम्ति उहाँहरूले सबै सुख त्याग्नु भएको हुने छ । उहाँहरूका लागि छोराछोरी दुवै बराबरी भए पनि मेरो अपाङ्गता उहाँहरूका लागि बढी चिन्ताको विषय बनेको हुने छ । मैले भोलि दु:ख पाएको हुने छु कि भन्ने उहाँहरूको चिन्ता हुने छ । हुन पनि हाम्रो समाजमा अपाङ्गता भएका व्यक्तिलाई सजिलो हुने छैन । गरिबी, अशिक्षा, अन्धविश्वास र भौगोलिक विकटता भएको हाम्रो देशमा त अपाङ्गता भएकाहरूका लागि मुस्किल हुने छ । पछि जमाना धेरै बदलिएको हुने छ । शिक्षाको प्रचार भएको हुने छ । संविधानमा अपाङ्गता भएकाहरूका लागि पनि राम्रो व्यवस्था गरिएको हुने छ । यति हुँदा त ढुक्क हुनुपर्‍यो नि । गरिबी, अशिक्षा, अन्धविश्वासले जर्जर भएको एउटा दुर्गम गाउँमा जन्मे हुर्केका बुबाआमाले हिजोकै आँखाले हेर्नुभएको

pustakalaya.com.np

हुनु हुने छ होला, अपाङ्गताको अवस्थालाई । त्यो स्वाभाविक भएको हुने छ । त्यसैले उहाँहरू मेरो भविष्यप्रति बढी चिन्तित हुनु भएको हुने छ । मैले उहाँहरूको चिन्ता हटाउन सक्नुपर्ने छ, सुख र सन्तुष्टि दिन सक्ने भएको हुनेछ । (कुमार ओछ्यानबाट उठ्छन् र बस्छन् अनि केही बेरमै सुतेको हुने छन् । उनलाई अझै पनि निद्रा लाग्दैन ।)

## सिर्जनात्मक अभ्यास — पेज ४३

१. **तलका विषयमा मनोवाद लेख्नुहोस्:**

(क) **समाजमा रहेका कुरीति र अन्धविश्वास देख्दा आफ्नो मनमा उब्जेको मनोभाव**

**उत्तर:** स्थान: सुत्ने कोठा

समय: राति ९ बजे

पात्र: सचिन वान्तवा

(दुर्गम गाउँमा अनि अति गरिब परिवारमा जन्मिएका सचिन राई कक्षा १० मा पढ्छन् । उनकी एक वर्ष कान्छी बहिनी आशा राई कक्षा ९ मा पढ्छिन् । दुवैको पढाइ राम्रो छ । सचिन पढाइका अतिरिक्त विद्यालयद्वारा सञ्चालित विभिन्न कार्यक्रमहरूमा पनि भाग लिन्छन् । उनका बुबा राजनीति र समाज सेवामा पनि सक्रिय छन् । उनले बुबाका गतिविधिबाट समाजका कुरीति र अन्धविश्वासका बारेमा पनि थाहा पाएका हुन्छन् । एक दिन राति ९ बजे खाना खाई सुत्नै लाग्दा उनका मनमा अनेक कुरा तँछाड मछाड गर्दै आउँछन् ।)

बुबाले समाजका कुरीति हटाउन धेरै प्रयास गर्दै हुनुहुन्छ । तर बुबाले मात्र के गर्न सक्नु होला र ! समाजका कुरीति र अन्धविश्वास हटाउन उहाँले गाउँलेहरूको भेला गर्नुभयो, नाटक देखाउनु भयो । विद्वान् अनि राजनेतालाई ल्याएर चेतना जगाउने भाषण/प्रवचन गराउनुभयो तर बुबाको केही दया चलेन । बुबाले मात्र छोरी पढाएर के हुन्छ ? तल्ला घरे सानी, माथिल्ला घरे कान्छी र भुन्टी घरको काम र घाँस दाउरामै समय बिताइरहेका छन् । उनीहरूका बुबाआमामा पनि कस्तो सोचाइ भएका होलान् । 'छोरीको जात, अर्काको घरखाने, यिनलाई पढाएर के फाइदा ?' यसैलाई भनिन्छ बुद्धिमा किरा लागेको । (घडी हेर्छ) ल १० बज्नै लागेछ । अब त सुत्नुपर्छ ।

यी गाउँलेहरूलाई रेडियो, टेलिभिजन र इन्टरनेटले पनि प्रभाव पार्न सकेन गाँठ छोराछोरी भनेका बराबर हुन् । छोरीलाई हामीले कहिल्यै विभेद गर्नु हुन्न । छोरीले पनि छोरासहर पढ्न सक्छन् । जिम्मेवारी पुरा गर्न सक्छन् । स्वास्थ्य चौकी भए पनि सुत्केरीलाई धामी झाँक्रीकहाँ लगेर झारफुक गराउने चलनलाई अझै यी गाउँलेहरूले त्याग्न सकेका छैनन् । दुनियाँ कहाँबाट कहाँ पुगिसक्यो यी गाउँलेहरू अझै पनि त्यही कुरीति र अन्धविश्वासको- पछि दौडिरहेको देख्दा मलाई त दिक्क लागेर आउँछ । (ओछ्यानबाट उठेर पानी पिउँछन् र ओछ्यानमा पुन: ढल्किन्छन् । हाम्रा बुबाआमालाई चाहिँ मान्नै पर्छ । गाउँमा यस्तो परम्परागत कुसंस्कार हुँदाहुँदै बहिनीलाई केही नभनी पढाइ रहनु भएको छ । 'छोरीलाई नपढाइ हुन्छ ? म त छोराछोरीप्रति भेदभाव गर्दिनँ' एक पटक बुबाले भन्नु भएको थियो । बुबाको भनाइ सुन्दा म मात्र होइन, बहिनी पनि खुसी नै भएकी थिई । मैले पनि पढाइ सकेपछि बुबाले अँगालेकै बाटो अँगाल्नुपर्ला नत्र यस गाउँको मुहार फेरिन कहिले सक्ला र ! (यत्तिकैमा स्वाँ स्वाँ गर्दै निदाउँछ)

puspas.com.np

**(ख) कुनै गरिब मानिसका दुःख देख्दा आफ्नो मनमा खेलेका विचार**

**उत्तर:** स्थान: सुत्ने कोठा

समय: राति १०:१५ बजे

पात्र: रमेश शर्मा

(गाउँबाट आएर सहरिया जीवन बिताइरहेकी पार्वती भुसाल सहरका धेरै घरमा काम गरेर गुजारा गर्छिन् । उनी असाध्यै मेहनती छन् । तर उनलाई एकसरो लाउन र दुई छाक हातमुख जोड्न सधैँ धौ धौ पर्छ । उनको यस्तो अवस्था देखेर रमेश शर्माका मनमा अनेक कुरा खेल्दछन् ।)

यी पार्वती दिदीलाई त मान्नै पर्छ । भाग्य पनि कस्तो लिएर आएकी रहिछिन् यिनले । बिहान उठ, चिया पिउन पाएको छैन, अर्काका घरमा गएर सरसफाइ गर, जस्तोसुकै खान दिए पनि खाऊ अनि आफ्नो कार्य सुरुसुरु गर । लखतरान नहुन्जेलसम्म उनका ढाड सोझो हुन पाउँदैन । उनको दैनिकी देख्दा लाग्छ यिनी मेसिन हुन् । मेसिन चले झैँ यिनको दैनिकी चलिरहन्छ (लामो सास फेर्छन्) यिनलाई माया गर्ने पनि कोही छैनन् कि क्या हो ? नत्र यिनका आङमा कहिले काहीँ त नयाँ लुगा लगाएको पनि देखिनु पर्ने हो नि ! अहिले पनि मालिकनीले लगाएका जडाउरी लगाएको मात्र देखिन्छ ।

आज मानिस कति निष्ठुरी भएको होला । सरकार पनि उस्तै छ । यस्ता घरेलु कामदारको ज्याला तोक्ने काम त कम्तीमा गरिदिएको भए हुन्थ्यो नि ! लोकतन्त्र आए पनि पार्वतीका जीवनमा कहिल्यै परिवर्तन आउने भएन । (ओछ्यानबाट उठेर एक पटक ऐना हेर्छ ।) थुक्क रमेश ! तँ पनि मनमा कुरा मात्र जोत्छस् । पार्वतीले गरेको दुःखका बारेमा तैँले केही गर्न नसके वा यिनको दुःखलाई लिएर सहयोग जुटाउन पहल गरेको भए पनि त हुन्थ्यो नि ! तँलाई पनि धिक्कार छ ! (एक घुड्की पानी पिउँछ)

यिनको दुःख देख्दा मेरो मन त्यसै त्यसै पिरोलिएर आउँछ । होइन यिनका बारेमा कसले सोचिदिने हो ? अनपढ भएकाले यिनले काम त गर्नैपर्छ तर रातदिन अर्काको घरमा गएर काम गर्दा दुई छाक खान नपुग्नु भनेको सामान्य कुरा हो र ! यस्तो विडम्बना कहिलेसम्म टुलुटुलु हेरेर बसिरहने होला कुन्नि ! (यत्तिकैमा रमेश स्वाँ स्वाँ गरी निदाउँछ ।)

**(ग) कक्षा १२ पछि भविष्यमा के बन्ने भन्ने विषयमा आफ्नो मनमा उब्जिएका भाव**

**उत्तर:** स्थान: सुत्ने कोठा

समय: राति १०:३० बजे

पात्र: अजय यादव

(अजय यादव कक्षा १२ को अन्तिम परीक्षाको तयारीमा जुटेका छन् । उनी मेहनती र जेहनदार विद्यार्थी हुन् । पढाइ सकेपछि भविष्यमा के बन्ने होला भन्ने बारेमा मनमा तँछाड मछाड गरी कुरा खेलाउन थाल्छन् ।)

जीवन बडो जटिल रहेछ । बुबा त भन्नुहुन्थ्यो 'अहिले पढाइमा खुब ध्यान देऊ, पछि पछुताउनु पर्ला ।' भविष्यको बारेमा त अहिलेदेखि सोच्नु राम्रो हुन्छ कि क्या हो ? पढाइ सकेर विदेश जाने साथीहरू पनि थुप्रै देखिएका छन् । विदेश गएर पनि के हुनेवाला छ र ! बरु आफ्नै देशमा बसेर समाज सेवाको काममा लाग्नु उचित होला । 'सेवा हि परमो धर्म' भन्छन् । सेवा जस्तो ठुलो धर्म केही हुँदैन । गाउँमा यति धेरै समस्या छन् । हाम्रो समुदायमा त तिलक प्रथाले सबैलाई दुःख दिएको छ । यस्तो प्रथा एकाइसौँ शताब्दीमा कलङ्ककै रूपमा रहेको छ । सरकारी नियम कानुनले पनि निर्मूल गर्न सकेन गाँठे ! (लामो सास फेर्छ ।)

अहिलेसम्म गाउँका समस्या समधान गर्न किन कसैले पनि नसकेको होला नि ! पक्कै पनि मानिस स्वार्थी भएर होला । स्वार्थको पछि लागेपछि कसरी समाज सेवा

pushpas.com.np

हुन्छ । विनास्वार्थ लाग्न योजना चाहिन्छ, त्याग चाहिन्छ र त्यसका लागि समय पनि चाहिन्छ । पढाइ सकेर म योजनाबद्ध रूपमा समाज सेवामा लाग्नेछु र समाजका तमाम कुप्रथाहरू अन्त्य गर्दै सबैलाई समेटेर अघि बढ्ने छु । एउटा त्यागी र निस्वार्थी सोच भएको मानिसले मात्रै गाउँको मुहार फेर्न सक्छ । यसका लागि मैले त्याग गर्नैपर्छ, (यत्तिकैमा ऊ निदाउँछ)

**(घ) कुनै प्रतियोगितामा पुरस्कृत हुँदाको अनुभूति समेटिएको मनोभाव**

**उत्तर:** स्थान: पढ्ने कोठा

समय: राति ९:३० बजे

पात्र: आकाश

(आकाश खानासाना खाएर ओछ्यानमा गएर पल्टेको छ । बुवाआमा भाइबहिनीहरू पनि आ-आफ्ना कोठातिर लागेर सुत्ने तरखर गर्दै छन् । आकाशका अगाडि दिउँसो सम्पन्न जिल्लास्तरीय प्रतियोगिताका दृश्यहरू नाच्न थाल्छन् ।)

आजको वक्तृत्वकला प्रतियोगितामा साह्रै मज्जा आयो । त्यत्रो मानिसहरूको उपस्थितिमा आफ्ना तर्कहरू राख्न गाह्रो पर्छ कि भनेर म त निकै डराइसकेको तर ड्यासमा पुगेपछि भने मेरो मुटु एकपटक मात्र ढक्क फुलेको । अनि त धाराप्रवाह बोल्न थालेपछि त कस्तरी सबै श्रोताले ताली पिटेका नि ! मैले पहिलेदेखि नै विद्यालयमा हुने प्रतियोगितामा भाग लिने नगरेको भए आजको जिल्लास्तरीय प्रतियोगितामा प्रथम हुने नै थिइन होला । विभिन्न विद्यालयका विद्यार्थीहरू कस्ता राम्रा पोसाकमा आएका, अनि कस्ता बोलक्कड पनि । उनीहरूका विचार पनि कम त कहाँ थिए र ! तर मेरो भनाइ बडो सिलसिलाबद्ध र तार्किक भएछ क्यारे ! हरि, श्याम र किशोरको तार्किक शक्ति पनि गजबकै रहेछ । तर उनीहरू बोल्दा बेलाबेलामा अलमलमा परे । (घडी हेर्छ) दस बजिसकेछ । अब त निदाउनुपर्छ । (कोल्टो फर्किन्छ)

सबैले मेरो अनुहार हेरिरहेका थिए । त्यसबेला मलाई कस्तो लाज भएको । कतिखेर परिणाम सुन्न पाइएला भनेर म त कस्तो आत्तिएको । ड्यासमा परिणाम सुनाउन जाँदा निर्णायकमण्डलका सदस्यले मेरो नाम उच्चारण गर्दा त म खुसीले उफ्रन पो पुगेछु । साथीहरू पनि कति खुसी भएका । अनि नेपाली पढाउने सर त झनै फुरुङ्ग हुनुभएको । सबैले बधाई दिँदै मलाई त बोकेर घुमाउन थाल्दा त लाज लागेजस्तो भएको, पुरस्कार पाउँदा पनि साह्रै मजा आयो । कस्तरी सबैले ताली पिटेका । साँच्चै मैले आज राम्ररी बोलेछु । (घडी हेर्छ) साढे दस बजिसकेछ । अब त निदाउनुपर्छ । भोलि फेरि चाँडै विद्यालय जानुछ ।

अँ म प्रथम भएँ, मैले पुरस्कार पाएँ भनेको सुन्दा बुवाआमा कति खुसी हुनु भएको नि ! हुन त आफ्ना छोराछोरीले प्रगति गरेको देख्दा कसका आमाबुबा खुसी हुँदैनन् र ! जीवनमा मेरो सबैभन्दा ठुलो खुसीको दिन आजै हो भने पनि हुन्छ । (केही छिनमै स्वाँ स्वाँ गर्दै निदाउँछ ।)

**(ङ) आफू जन्मिएको ठाउँ छाडेर अन्यत्र पढ्न जानुभन्दा अघिल्लो रात मनमा उब्जेका भावनाहरू समेटिएको मनोवाद ।**

**उत्तर:** स्थान: सुत्ने कोठा

समय: राति ९:३० बजे

पात्र: सुशीला पाठक

(सुशीला पाठक कक्षा ९ अध्ययनरत छात्रा हुन् । उनी कक्षा १० मा पढ्न भोलि गाउँबाट काठमाडौं जाँदै छिन् । नयाँ ठाउँ वातावरण र नयाँ परिवेशमा पढ्न जानै लाग्दा उनका मनमा अनेक कुरा खेल्छन् ।)

ओहो ! मानिसको जीवन कति गतिशील नै हुँदो रहेछ । सधैं सोचेको जस्तो कहाँ हुन्छ र । पन्ध्र वर्षसम्म खाइखेली गरी हुर्किएको गाउँ पढाइका कारण नछोड्न पनि त

pustakas.com.np

सक्दिनँ । गाउँमा पढाइ हुने भएको भए किन काठमाडौं नै जानु पर्थ्यो र ! न त यातायातको सुविधा, न दक्ष शिक्षक, न त पत्रपत्रिका आदिको सुविधा । अनि सुविधायुक्त ठाउँमा गएर त पढ्नै पर्‍यो नि ! तर भोलि नै आमाबुवा, भाइबहिनी र साथीभाइ चटक्कै छोडेर जानुपर्दा पो ......? (लामो सास फेर्छे)

म हिँडेपछि सानो भाइ र बहिनीले पक्कै याद गर्दा हुन् । मलाई माया गर्ने आमाबुबाले पनि त .....। धेरै टाढा गएर बस्नु पनि गाह्रै कुरा रहेछ । फेरि काठमाडौंको बसाइ कस्तो हुने हो ? साथी कस्ता भेटिने हुन् ? शिक्षकहरू त पक्कै योग्य र दक्ष नै होलान् तर सबै नौला भएपछि मेरो हालत के होला मसँग मिल्ने र सधैं खानेखुसी गर्ने रमा र सिर्जना पनि त टाढा हुने भए नि ! (ओछ्यानबाट जुरुक्क उठी एक गिलास पानी पिउँछे र सुत्छे)

भोलि उज्यालो नहुँदै कुम्लो कुटुरो बोकेर हिँड्दा बुवाआमालाई पनि नरमाइलो लाग्ने होला । भाइबहिनी रुँदै मेरो पछि लागे भने । चुप लागेर आफ्नो बाटो लाग्नुपर्ला । त्यसो गर्न मन मान्ला र ! आ, जे होला होला । भोलि बेलुका त काठमाडौं पुगिहालिन्छ अनि पर्सिदेखि पढाइ सुरु गरेपछि सबै कुरा बिर्सिहालिन्छ नि ! (घडी हेर्दै) ओहो ! ११ बजिसकेछ । अब त निदाउनु पर्छ । (केही बेरमै स्वाँ स्वाँ गर्दै निदाउँछे)

२. **अपाङ्गताका बारेमा तीन अनुच्छेद लेख्नुहोस् ।**

**उत्तर:** मानिसको कुनै अङ्ग कमजोर छ भने त्यसलाई अपाङ्गता भनिन्छ । खास गरी हात, खुट्टा, आँखा, कान, मन, मस्तिष्क जस्ता हरेक क्षेत्रमा पाइने कमजोर पक्षले गर्दा मानिसले कुनै पनि काम सहजै सम्पन्न गर्न गाह्रो पर्छ । मानिसको कुनै खुट्टा कमजोर छ भने त्यसलाई कसैको सहयोग नभई हुन्न । त्यस्तै आँखा नदेख्ने दृष्टिविहीनका लागि पनि कसै न कसैको सहयोग आवश्यक पर्छ । अत: शारीरिक होस् वा मानसिक जुनसुकै कमजोरी भएका मानिसलाई अपाङ्गता भन्न सकिन्छ ।

नेपाली समाजमा अपाङ्गता हुनुलाई भाग्यको खेल वा पूर्वजन्मको फल भनी अपहेलित गरिन्छ । अपाङ्ग हुनु कसैको दोष होइन । प्राकृतिक संसारमा रूख बिरुवा त उही हावापानी र वातावरण भएका ठाउँमा फरक देखिन्छन् भने मानिसमा कमीकमजोरी देखिनु नौलो कुरा होइन । मानौं कुनै बालक जन्मँदै दृष्टिविहिन वा बहिरा जन्मियो भने उसको दोष केही हुँदैन, न त उसका आमाबुबाको नै हुन्छ । अत: मानिस अपाङ्ग हुनु प्राकृतिक नियमभित्रै पर्ने कुरा भएकाले यसलाई स्वाभाविक रूपमा लिनु बुद्धिमानी हुन्छ ।

अपाङ्गतालाई विगतका दिनहरूमा न त सकारात्मक रूपमा लिइन्थ्यो न त राज्यबाट नै । तर अहिले आएर अपाङ्गता भएका व्यक्तिहरूप्रति हेरिने र गरिने व्यवहार फरक भएको छ । आज कानुनी रूपबाटै अपाङ्गता सम्बन्धी राज्य र समुदायले लिनुपर्ने दायित्वका बारेमा व्यवस्था गरिएको छ । त्यसैले जतातत्तै अपाङ्गतामैत्री व्यवहार र गतिविधिहरू हुन थालेको पाइन्छ । शारीरिक अपाङ्गता होस् वा मानसिक कसैले पनि अपहेलित भएर बाँच्नु पर्ने अवस्थाको अन्त्य भएको छ । यसले गर्दा अपाङ्गता भएका व्यक्तिहरूले आज सगौरव बाँच्ने अवसर प्राप्त गर्न थालेका छन् ।

❑❑❑

puspas.com.np

# THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.